# पौवादुङमा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
चयाङ्ग्रे भोजपुर,१ नं प्रदेश नेपाल

विषय :- **हाट बजार कर ठेक्का लगाउने सम्वन्धी सूचना ।**

अन्तिम पटक सूचना प्रकाशीत मिति २०७५/०८/०६

मिति २०७५/०८/०४ को गाउँ कार्यपालिकाको निर्णयअनुसार पौवादुङमा गाउँपालिका क्षेत्र भित्रलाग्ने हाट बजारको चालु आ.व.०७५/०७६ को तपसिलका (एकमूष्ठ वा छुटा छुटै) बजारहरुवाट हाट बजार कर संकलन गरी न्यूनतम वार्षिक रु.२२,५००।– (अक्षरुपी बाइस हजार पाँच सय मात्र) मा नघटाइ बढावढको आधारमा यस गाउँपालिकाको कार्यालयमा दाखिला गर्ने प्रयोजनको लागि तपसिलको शर्तको अधीनमा रही यो सूचना प्रकाशित भएको मितिले ७ दिन (मिति २०७५/०८/१२ गते) सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट (कार्यालय खुलेको दिन) भित्र कार्यालय समयमा शीलवन्दी दरभाउ पत्र फारम खरिद गर्न इच्छुक व्यक्ति, संस्था, फर्महरुलाई जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. कर दस्तुर विवरण पौवादुङमा गाउँपालिकाबाट निर्धारित दरमा हाट बजार कर उठाउनु पर्नेछ । कर दस्तुर विवरण यस कार्यालयबाट प्राप्त गर्न सकिने छ ।

२. दरभाउपत्र दाताले शिलवन्दी दरभाउपत्र खामको बाहिरपटी ठेक्काको नाम प्रष्ट बुझिने गरी श्री पौवादुङमा गाउँपालिकाको कार्यालय, चयाङ्ग्रे भोजपुर भनी उल्लेख गरेको हुनु पर्ने छ ।

३. दरभाउपत्र फाराम भर्दा वोल कवोल गरेको अंक र अक्षरमा दुवैमा प्रष्ट बुझिने गरी लेख्नु पर्नेछ । साथै अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइने छ ।

४. कुल कवोल गरेको अंकको ५ प्रतिशतले हुन आउने धरौटी वापतको रकम यस कार्यालयको रा. वा. बैंक भोजपुरमा रहेको २०४०३०३००७१०६को धरौटी खातामा जम्मा गरेको भौचर वा नगदै बुझाई सो को नगदी रसिद पेश गर्नु पर्नेछ ।

५. रीत नपुगी वा म्याद नाघी आएको दरभ्पाउपत्र उपर कुनै कारवाही हुने छैन ।

६. सिलवन्दी दरभाउपत्र दाखिला गर्ने अन्तिम मिति २०७५/०८/१३ गते दिउसो १२:०० बजेसम्म रहने छ र सोही दिन दिनको १:०० बजे नियममनुसार खोली सवैभन्दा वढी अंक कवोल गर्ने दरभाउपत्र स्वीकृत गरिने छ ।

७. ठेक्का स्वीकृत भएपछि सम्झौताका वखत ठेक्कावालाले ठेक्काको रकम एकमुष्ट वा दुई किस्तादाखिला गर्ने गरी सम्झौता गर्न सकिनेछ ।

८ . किस्तावन्दी वुझाउने गरी सम्झौता गर्न परेमा पौवादुङमा गाउँपालिका क्षेत्रभित्रको जग्गा कम्तिमा कवोल अंकले खाप्ने गरी धीतो बापत राख्नु पर्ने छ र उक्त धितोको लागि प्रस्तावित जग्गा ठेक्का कवोल गर्ने व्यक्ति बाहेक अन्यको भएमा सम्वन्धीत जग्गा धनीको मन्जुरीनामा समेत संलग्न राख्नु पर्ने छ ।

९. दरभाउपत्र पेश गर्न चाहाने व्यक्तिले नेपाली नागरिकताको प्रमाणपत्र र संस्था वा फर्मको हकमा आ.व.०७४/०७५ सम्म नविकरण गरेको प्रमाण पत्र अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

१०. दरभाउपत्र फारम बापत प्रत्येक बजारको रु.३००। का दरले (अक्षेरेपी तीन सय रुपैया मात्र) बरावरको नगदी रसिद काटी फिर्ता नहुने गरी बुझाउनु पर्नेछ ।

११. दरभाउपत्र स्वीकृत गर्ने नगर्ने सम्पूर्ण अधिकार पौवादुङमा गाउँपालिकाको कार्यालयमा निहित रहने छ ।

तपसिल

| ठेक्का नं. | हाट बजार लाग्ने स्थान | फारम शुल्क रु. | न्यूनतम रकम रु. |
|---|---|---|---|
| १ | पौवादुङमा गा.पा -३,चयाङ्ग्रे बजार | ३००।- | १५,०००।- |
| २ | पौवादुङमा गा.पा.-४,मानेडाँडा बजार | ३००।- | ७,५००।- |
| जम्मा | | | २२,५००।- |

नोट :अन्य केही कुरा बुझनु पर्ने भएमा कार्यालय समय भित्र ९८५२०७५८००/९८१४३८१४०३ मा सम्पर्क गर्नु होला ।

.............................

सालिकराम भट्टराई

प्रमुख प्रशासकीय अधिकृत